दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १३८ | बुटवल | २०८३ जेठ ०४ गते, सोमबार | नेपाल संवत ११४६ | Monday May 18, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



बिल बिजकको प्रयोग अनिवार्य गरौं ।

- हरेक खरिदमा अनिवार्य रूपमा बिल/रसिद मागौं,
- कानुनी रूपमा मान्य बिल-बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोवार गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड




२०८३ जेठ ०४, गते सोमबार
Monday May 18, 2026
दैनिक लुम्बिनी

# सम्पादकीय

## मन्त्रालय कटौती सकारात्मक

संघीय सरकारले मन्त्रालय कटौती गरी १८ मा झारेको छ । यस अघि संघमा २५ मन्त्रालय थिए । संघीय सरकारले मन्त्रालय कटौती गर्दा आपसमा समायोजन भएका कतिपय मन्त्रालयमा आगामी दिनमा कामको संयोजनमा समस्या देखिनसक्ने जोखिम देखिन्छ । यद्पी मन्त्रालयको संख्या कटौती अनिवार्य थियो । अब संघको प्रभाव प्रदेशमा देखिन थालेको छ । लुम्बिनी प्रदेशमा अब आठ मन्त्रालय बनाउने तयारी थालिएको छ । आगामी साउनदेखि यहाँ आठ मन्त्रालय कायम गर्ने र विभिन्न मन्त्रालयका कामविहीन संरचना हटाएर चुस्त बनाउने पनि काम थाल्नु सकारात्मक छ । लुम्बिनी प्रदेशमा अहिले १२ मन्त्रालय छन् ।

साधन स्रोत र अधिकारले संकुचनमा रहेको प्रदेश संरचनालाई मितव्ययी ढंगले चलाउन थोरै मन्त्रालय, चुस्त मुख्यमन्त्रीको सचिवालय, चालु खर्चमा भारी कटौती अपरिहार्य विषय हो । संघीय सरकारबाट अनुदान पाएर चलेको संरचनामा अनावश्यक खर्च कटौतीमा ध्यान नदिँदा नागरिकले प्रदेश संरचनाप्रति प्रश्न उठाउनु स्वभाविक थियो । प्रदेश स्थापना ताका शंकर पोखरेलको नेतृत्वमा चुस्त मन्त्रिपरिषद् थियो । मन्त्रिपरिषद् ६ सदस्यीय थियो, मुख्यमन्त्रीको सचिवालय सानो थियो । साढे तीन वर्षपछि कुल प्रसादकेसी मुख्यमन्त्री बनेपछि मन्त्रालयको संख्या बढाएर १३ पुऱ्याइयो । राज्यमन्त्रीसहित १७ मन्त्री भए । मुख्यमन्त्रीको सचिवालयमा १९ जना पुगे । सरकार गठन भएपिच्छे मन्त्रालयको संख्या थपघट हुने प्रवृत्ति मौलायो । मन्त्रालयको संख्या घट्नेभन्दा सरकार टिकाउनका लागि भागबण्डठा पुऱ्याउन सकेसम्म मन्त्रालयको संख्या बढाउने र मन्त्रीको चित्त बुझाउन उनकै चाहनाअनुसार मन्त्रालयको नाम पनि राख्ने काम भयो । यस्ता गलत प्रवृत्तिलाई निरुत्साहित गर्न नसक्दा मनपरीतन्त्र मौलाउँदा नागरिकमा वितृष्णा बढेको स्वीकार गर्न अझै दलहरुलाई कठिन छ ।

विगतको कुरूप विषयलाई अरु कसैले सुधार गरिदिने होइन्, दलहरुले नै हो । दलहरुले आन्तरिक लोकतन्त्र सबल बनाउँदा, नेतृत्वमा नयाँ पुस्तालाई प्राथमिकता दिँदा विगतका कमजोरी केलाएर अघि बढ्न सक्छन् । अरु कसैले गर्ने विषय लोकतान्त्रिक पद्दती र विषयलाई कमजोर बनाउने विषय हो ।

स्रोतमा आएको संकुचनका कारण संघीय सरकारले पठाउने बजेटमा भारी कटौती हुने सम्भावना छ । त्यसो हुँदा प्रदेश सरकारको खर्च पुँजीगतभन्दा चालु खर्च बढी हुने जोखिम छ । लुम्बिनी प्रदेशमा झैँ अरु प्रदेशमा पनि मन्त्रालय कटौती हुनुपर्छ । चुस्त सांगठनिक संरचनामा मितव्ययी खर्च प्रणाली अपनाएर नतिजामुखी काम निकाल्ने चुनौतीपूर्ण काम पूरा गर्न सक्दा प्रदेश संरचनाप्रति नागरिकको अपनत्व बढ्छ ।

# नीति तथा कार्यक्रममा उठेका प्रश्नको जवाफ प्रधानमन्त्रीले दिने नियम नभए पनि परम्परा हो



ईन्द्रप्रसाद भुसाल



नेपालको संघीय संसदीय अभ्यासमा हरेक वर्ष राष्ट्रपतिबाट सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भएपछि त्यसमाथि संसदमा व्यापक छलफल हुने गर्दछ । सत्ता पक्षले यसलाई सरकारको वार्षिक मार्गचित्रका रूपमा व्याख्या गर्छ भने प्रतिपक्षले त्यसका कमजोरीमाथि प्रश्न उठाउने गर्दछ । तर पछिल्ला दिनमा सरकारका नीति तथा कार्यक्रममाथि उठेका प्रश्नको जवाफ प्रधानमन्त्री स्वयंले दिनैपर्ने कानुनी बाध्यता छ कि छैन भन्ने प्रश्न निकै बहसमा आएको छ । यस विषयलाई भावनात्मक वा राजनीतिक दृष्टिकोणभन्दा बाहिर राखेर संविधान, प्रतिनिधिसभा नियमावली र संसदीय अभ्यासका आधारमा हेर्दा एउटा स्पष्ट निष्कर्ष निस्किन्छ । प्रधानमन्त्रीले जवाफ दिने अभ्यास बलियो संसदीय परम्परा हो, तर त्यसलाई अनिवार्य बनाउने स्पष्ट कानुनी प्रावधान भने छैन । नेपालको संविधानको धारा ९५ ले सरकारको नीति तथा कार्यक्रम सम्बन्धी व्यवस्था गरेको छ ।

यस व्यवस्थाले नीति तथा कार्यक्रम प्रस्तुत गर्ने प्रक्रिया स्पष्ट गरे पनि "प्रधानमन्त्रीले संसदमा उठेका प्रश्नको जवाफ अनिवार्य रूपमा दिनुपर्ने" भन्ने शब्द कतै उल्लेख गरेको छैन । संविधानले नीति तथा कार्यक्रम प्रस्तुत गर्ने संवैधानिक दायित्व त तोकेको छ, तर त्यसमाथिको जवाफदेहिताको स्वरूप कस्तो हुने भन्ने विषय नियमावली र संसदीय अभ्यासमा छोडेको देखिन्छ । प्रतिनिधिसभा नियमावली, २०७९ मा नीति तथा कार्यक्रममाथिको छलफलबारे दफा ३८ मा व्यवस्था भएअनुसार राष्ट्रपतिबाट गरिएको सम्बोधनमा उल्लिखित सरकारको नीति तथा कार्यक्रममाथि छलफल गर्नका लागि सभामुखले प्रधानमन्त्री वा निजको अनुपस्थितिमा निजले तोकेको कुनै मन्त्रीसँग परामर्श गरी दिन र समयावधि तोक्नेछ् । यस व्यवस्थाको कानुनी अर्थ निकै महत्त्वपूर्ण छ । नियमावलीले "प्रधानमन्त्री वा निजले तोकेको कुनै मन्त्री" भन्ने विकल्प दिएको छ । अर्थात् प्रधानमन्त्री स्वयं उपस्थित नभए पनि उनले तोकेको मन्त्रीले सरकारको तर्फबाट भूमिका निर्वाह गर्न सक्ने कानुनी ढोका खुला गरिएको छ । यही आधारमा धेरै कानुनविद् र संसदीय जानकारहरूले "प्रधानमन्त्रीले नै जवाफ दिनुपर्छ भन्ने बाध्यकारी नियम छैन" भन्ने व्याख्या गरेका छन् । हालै संसदमा देखिएको विवाद पनि यही कानुनी व्याख्यासँग जोडिएको छ । प्रतिपक्षी दलहरूले प्रधानमन्त्री स्वयं उपस्थित भएर सांसदका प्रश्नको जवाफ दिनुपर्ने माग गरे । तर सभामुखले पटक-पटक प्रतिनिधिसभा नियमावली २०७९ को दफा ३८ तर्फ ध्यानाकर्षण गराएका थिए । त्यसपछि कानुनी बहस झन् तीव्र बन्यो ।

यद्यपि, कानुनले अनिवार्य नगरे पनि नेपालको संसदीय इतिहासमा प्रधानमन्त्रीहरूले नीति तथा कार्यक्रममाथि उठेका प्रश्नको जवाफ दिने परम्परा भने बलियो रहेको छ । विगतका अधिकांश प्रधानमन्त्रीहरूले संसदमा उपस्थित भएर विपक्षीका दलका सभासदहरूका प्रश्नको प्रतिवाद गरेका उदाहरण छन् । यसले संसदप्रतिको उत्तरदायित्व र लोकतान्त्रिक संस्कृतिलाई बलियो बनाउने विश्वास गरिन्छ । नीति तथा कार्यक्रम सरकारको हो, तसर्थ सरकारले स्वयम् यसलाई प्रभावकारी रुपमा छलफल गराइ आवश्यक प्रश्नहरूको जवाफ प्रधानमन्त्रीले दिनुपर्ने हाम्रो संसदीय अभ्यास हो । प्रतिनिधिसभा नियमावलीको परिच्छेद-९ अन्तर्गत प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रमको अलग व्यवस्था पनि छ । त्यसअन्तर्गत सांसदहरूले प्रधानमन्त्रीलाई प्रत्यक्ष प्रश्न सोध्न सक्छन् र प्रधानमन्त्रीले उत्तर दिनुपर्छ । तर त्यो "प्रश्नोत्तर कार्यक्रम" र "नीति तथा कार्यक्रममाथिको जवाफ" एउटै कुरा होइनन् । प्रश्नोत्तर कार्यक्रम नियमित संसदीय प्रक्रिया हो भने नीति तथा कार्यक्रममाथिको जवाफ राजनीतिक तथा संसदीय अभ्याससँग बढी सम्बन्धित विषय हो ।

यसकारण कानुनी रूपमा हेर्दा दुईवटा कुरा स्पष्ट देखिन्छ पहिलो, संविधान र नियमावलीले नीति तथा कार्यक्रम प्रस्तुत गर्ने तथा त्यसमाथि छलफल गर्ने प्रक्रिया व्यवस्था गरेका छ् । दोस्रो, प्रधानमन्त्री स्वयंले नै अन्तिम जवाफ दिनुपर्ने बाध्यकारी शब्दावली प्रयोग गरिएको छैन । तर राजनीतिक रूपमा भने प्रधानमन्त्री संसदमा उपस्थित भएर उठेका प्रश्नको जवाफ दिनु लोकतान्त्रिक उत्तरदायित्व, नैतिक दायित्व र संसदीय मर्यादासँग जोडिएको विषय मानिन्छ । त्यसैले यसलाई "कानुनी बाध्यता" भन्दा पनि "स्थापित संसदीय परम्परा" का रूपमा बुझ्नु उपयुक्त हुन्छ । आजको बहसको केन्द्रबिन्दु र आम नगरिक ले चाहेको विषय पनि यही हो । कानुनले नबाधे पनि लोकतान्त्रिक संस्कारले के अपेक्षा गर्नु स्वभाविक हो । संसद केवल प्रक्रियागत संस्था मात्र होइन, जनताको आवाज प्रतिनिधित्व गर्ने सर्वोच्च राजनीतिक मञ्च पनि हो । त्यसैले प्रधानमन्त्री संसदमा उपस्थित भएर प्रतिपक्षका प्रश्न सुन्नु र जवाफ दिनु संसदीय लोकतन्त्रको आत्मासँग जोडिएको विषय हो । तर कानुनको कठोर व्याख्या गर्ने हो भने नीति तथा कार्यक्रममा उठेका प्रश्नको जवाफ प्रधानमन्त्रीले दिने बलियो परम्परा हो, तर नियम होइन । नेपालको संसदीय शासन प्रणाली पूर्णरूपमा मौलिक रूपमा विकसित भएको प्रणाली होइन । नेपालको वर्तमान संघीय लोकतान्त्रिक संसदीय व्यवस्था धेरै हदसम्म बेलायतको वेस्टमिन्स्टर प्रणाली तथा भारतको संसदीय अभ्यासबाट प्रभावित छ । प्रधानमन्त्री संसदप्रति उत्तरदायी हुने, सरकारको वार्षिक नीति प्रस्तुत हुने, संसदमा त्यसमाथि छलफल चल्ने तथा सरकारको तर्फबाट जवाफ दिने परम्परा पनि यही संवैधानिक अभ्यासको निरन्तरता हो । बेलायतमा लिखित एकीकृत संविधान छैन, तर "constitutional conventions" अर्थात् संवैधानिक परम्पराले शासन सञ्चालनको आधार तयार गरेको छ । बेलायती संसदमा सरकारको नीति, बजेट वा वार्षिक कार्यक्रममाथि प्रधानमन्त्री तथा मन्त्रीहरूले प्रत्यक्ष रूपमा सांसदहरूको प्रश्नको सामना गर्ने परम्परा निकै बलियो छ । विशेषतः"Prime Minister's Questions (PMQs)" बेलायती संसदीय संस्कृतिको महत्वपूर्ण अभ्यास मानिन्छ, जहाँ प्रधानमन्त्रीले हरेक हप्ता संसदमा उपस्थित भएर सांसदहरूको प्रश्नको उत्तर दिन्छन् । तर यो कानुनी बाध्यता होइन, लोकतान्त्रिक उत्तरदायित्वको स्थापित राजनीतिक संस्कारका रूपमा विकसित भएको व्यावहारिक सिद्धान्त हो । भारतले पनि बेलायती वेस्टमिन्स्टर मोडललाई आधार मानेर संसदीय व्यवस्था विकास गरेको छ । भारतीय संविधानको धारा ८७ अनुसार राष्ट्रपतिले संसदको संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्छन् । त्यसपछि संसदमा "Motion या Thanks" माथि विस्तृत छलफल हुन्छ । उक्त छलफलको अन्त्यमा प्रायः प्रधानमन्त्रीले संसदमा उठेका प्रश्न, आलोचना तथा सुझावहरूको उत्तर दिने परम्परा छ । भारतीय संविधान वा लोकसभा नियमावलीमा पनि प्रधानमन्त्रीले नै जवाफ दिनुपर्छ भन्ने स्पष्ट बाध्यकारी शब्द नभए पनि राजनीतिक रूपमा प्रधानमन्त्री स्वयंले उत्तर दिनुलाई उत्तरदायी शासनको संकेत गर्दछ । भारतीय संसदमा जवाफ दिने यो अभ्यास विशेष रूपमा जवाहरलाल नेहरूदेखि नै बलियो बन्दै आएको देखिन्छ । नेहरू, अटल बिहारी बाजपेयी, मनमोहन सिंहदेखि नरेन्द्र मोदीसम्म अधिकांश प्रधानमन्त्रीहरूले नीति तथा कार्यक्रममाथिको बहसमा प्रत्यक्ष उत्तर दिएका उदाहरणहरू पाइन्छन् । यसले संसद र कार्यपालिका बीचको उत्तरदायित्व सम्बन्धलाई बलियो बनाएको मानिन्छ ।

नेपालमा पनि यही संसदीय संस्कृतिको प्रभाव स्पष्ट देखिन्छ । नेपालको संविधानको धारा ९५ अनुसार राष्ट्रपतिले सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने व्यवस्था छ । त्यसपछि प्रतिनिधिसभा र राष्ट्रियसभामा छलफल चल्ने अभ्यास विकसित भएको छ । यद्यपि प्रतिनिधि सभा नियमावलीमा प्रधानमन्त्री स्वयंले नै अन्तिम जवाफ दिनैपर्ने स्पष्ट बाध्यकारी व्यवस्था छैन । तर विगतदेखि प्रधानमन्त्रीले संसदमा उपस्थित भएर प्रतिपक्षका प्रश्नको जवाफ दिने राजनीतिक तथा संसदीय परम्परा भने बलियो रहँदै आएको छ । यसरी हेर्दा नेपालमा नीति तथा कार्यक्रममाथिको जवाफ दिने अभ्यास प्रत्यक्ष रूपमा बेलायत र भारतको संसदीय संस्कृतिबाट प्रभावित देखिन्छ । कानुनले भन्दा पनि संसदीय मर्यादा, राजनीतिक उत्तरदायित्व र लोकतान्त्रिक संस्कारले प्रधानमन्त्रीलाई संसदप्रति जवाफदेही बनाउने परम्परा विकास गरेको हो । यही कारण आज पनि नेपालमा प्रधानमन्त्री संसदमा उपस्थित भएर नीति तथा कार्यक्रममाथि उठेका प्रश्नको उत्तर दिनु लोकतान्त्रिक अभ्यासको महत्वपूर्ण हिस्सा मानिन्छ ।

(लेखक न्यू होराइजन कलेजका प्राध्यापक हुन् ।)

# कंगो र युगान्डामा इबोला प्रकोप, डब्लुएचओद्वारा 'विश्वव्यापी स्वास्थ्य संकटकाल' घोषणा



विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले प्रजातान्त्रिक गणतन्त्र कंगो (डिआर कंगो) को पूर्वी इतुरी प्रान्तमा फैलिएको इबोला भाइरसको प्रकोपलाई 'अन्तर्राष्ट्रिय चासोको सार्वजनिक स्वास्थ्य संकटकाल' घोषणा गरेको छ । यद्यपि, हालको प्रकोपले 'विश्वव्यापी महामारी' (प्यान्डेमिक) को मापदण्ड भने पूरा नगरेको डब्लुएचओले प्रष्ट पारेको छ ।

डब्लुएचओका महानिर्देशक डा. टेड्रोस अधानोम गेब्रेयससले संक्रमितको वास्तविक संख्या र यसको भौगोलिक विस्तारबारे अझै पनि 'ठूलो अनिश्चितता' कायमै रहेको भन्दै सतर्कता अपनाउन चेतावनी दिएका छन् ।

अहिले फैलिएको इबोलाको प्रजाति 'बुन्डिबुग्यो' भाइरसका कारण भएको स्वास्थ्य एजेन्सीले जनाएको छ । यो प्रजातिका लागि हालसम्म कुनै पनि प्रमाणित औषधि वा खोप उपलब्ध छैनन् ।

हालसम्म इतुरी प्रान्तको राजधानी बुनिया तथा सुन खानी रहेका दुई सहरहरू मोंगवालु र र्वाम्पारासहित तीनवटा स्वास्थ्य क्षेत्रमा गरी आठ जनामा प्रयोगशाला परीक्षणबाट भाइरस पुष्टि भइसकेको छ । यसबाहेक अन्य २ सय ४६ सम्भावित संक्रमित फेला परेका छन् भने ८० जनाको मृत्यु भइसकेको रिपोर्ट छ ।

यो घातक भाइरस कंगोको सीमा नाघेर छिमेकी देश युगान्डासमेत पुगिसकेको छ, जहाँ दुई जनामा संक्रमण पुष्टि भइसकेको छ । युगान्डाका अधिकारीहरूका अनुसार बिहीबार मृत्यु भएका एक ५९ वर्षीय पुरुषमा इबोला परीक्षण पोजेटिभ देखिएको थियो । अत्यधिक जनघनत्व, आवतजावत, व्यापार र यात्राका कारण कंगोसँग सीमा जोडिएका अन्य देशहरू पनि यो संक्रमणको उच्च जोखिममा रहेका छन् । जोखिम न्यूनीकरणका लागि डब्लुएचओले डिआर कंगो र युगान्डलाई तुरुन्तै आपत्कालीन सञ्चालन केन्द्रहरू स्थापना गरी निगरानी, कन्ट्र्याक्ट ट्रेसिङ र संक्रमण रोकथामका उपायहरू कडाइका साथ लागू गर्न सुझाव दिएको छ ।

संक्रमणको विस्तार रोक्नका लागि पुष्टि भएका बिरामीहरूलाई तुरुन्तै आइसोलेसनमा राखेर उपचार गर्नुपर्ने र कम्तीमा ४८ घण्टाको अन्तरालमा गरिएका दुईवटा 'बुन्डिबुग्यो भाइरस-विशिष्ट' परीक्षणहरू नेगेटिभ नआएसम्म आइसोलेसनमै राख्न स्वास्थ्य संगठनले निर्देश गरेको छ । संक्रमण पुष्टि भएका क्षेत्रसँग सीमा जोडिएका देशहरूलाई निगरानी र स्वास्थ्य रिपोर्टिङ प्रणाली सुदृढ गर्न भनिएको छ ।

यद्यपि, प्रभावित क्षेत्रभन्दा बाहिरका मुलुकहरूले आफ्नो सीमा बन्द गर्ने वा व्यापार र यात्रामा प्रतिबन्ध लगाउन नहुने डब्लुएचओको भनाइ छ । यस्ता प्रतिबन्धहरू प्रायः त्रासका कारण लगाइने र यसको पछाडि कुनै वैज्ञानिक आधार नहुने डब्लुएचओले प्रष्ट पारेको छ ।

इबोला भाइरस पहिलो पटक सन् १९७६ मा हालको डिआर कंगोमा फेला परेको थियो, जुन चमेरोबाट सरेको विश्वास गरिन्छ । कंगोमा यो घातक भाइरल रोगको १७औं लहर हो । यो भाइरस संक्रमितको शारीरिक तरल पदार्थ ऱ्याल, रगत, पसिना आदि र काटिएको वा फुटेको छालाको प्रत्यक्ष सम्पर्कबाट सर्ने गर्दछ, जसले गर्दा शरीरभित्र गम्भीर रक्तस्राव र अंगहरूले काम गर्न छोड्ने (अर्गान फेलियर) अवस्था सिर्जना हुन्छ ।

सुरुवाती चरणमा ज्वरो आउने, मांसपेशी दुख्ने, थकान महसुस हुने, टाउको दुख्ने र घाँटी दुख्ने जस्ता लक्षणहरू देखिन्छन् भने पछि बान्ता हुने, पखाला लाग्ने, शरीरमा डाबर आउने र आन्तरिक तथा बाह्य रक्तस्राव हुने गर्दछ । इबोलाको कुनै निश्चित उपचार नभएकाले यसको औसत मृत्युदर झण्डै ५० प्रतिशत रहेको डब्लुएचओको तथ्यांक छ ।

यसैबीच, अफ्रिका सीडीसीले ऱ्वाम्पारा र बुनिया जस्ता सहरी क्षेत्र र मोंगवालुको खानी क्षेत्रमा संक्रमण फैलिएकाले यसको थप विस्तार हुने उच्च जोखिमप्रति चिन्ता व्यक्त गरेको छ । अफ्रिका सीडीसीका कार्यकारी निर्देशक डा. जीन कासेयाले प्रभावित क्षेत्र र छिमेकी देशहरूबीच 'ठूलो संख्यामा मानिसहरूको आवतजावत' हुने भएकाले यसको नियन्त्रणका लागि क्षेत्रीय समन्वय अपरिहार्य रहेको बताए ।

विगत ५० वर्षमा अफ्रिकी देशहरूमा इबोला भाइरसका कारण करिब १५ हजार मानिसले ज्यान गुमाइसकेका छन् । कंगोमा सन् २०१८ देखि २०२० को बीचमा अहिलेसम्मकै सबैभन्दा भयानक प्रकोप फैलिएको थियो, जसमा झण्डै २ हजार ३ सय मानिसको मृत्यु भएको थियो । त्यस्तै, गत वर्ष पनि देशको एक दुर्गम क्षेत्रमा फैलिएको प्रकोपका कारण ४५ जनाको ज्यान गएको थियो ।

स्वास्थ्य खबरबाट

# चौबिस कम्पनीको आइपिओ बिक्रीका लागि अनुमति




काठमाडौँ । नेपाल धितोपत्र बोर्डले हालसम्म २४ कम्पनीलाई साधारण शेयर (आइपिओ) बिक्रीका लागि अनुमति प्रदान गरेको छ । बोर्डले चालु आर्थिक वर्षको चैत मसान्तसम्म ती कम्पनीलाई साधारण शेयर बिक्रीका लागि अनुमति प्रदान गरेको हो ।

बोर्डका अनुसार कुल नौ करोड ११ लाख ८७ हजार ९४६ कित्ता साधारण शेयर बिक्रीका लागि अनुमति प्राप्त भएको हो । त्यसको मूल्य रु नौ अर्ब ११ करोड ८७ लाख ९४ हजार ६०० बराबर छ । अनुमति प्राप्त गरेका कूल कम्पनीमध्ये १५ वटा जलविद्युत् आयोजनाका मात्रै छन् ।

नेपाल स्टक एक्सचेञ्जमा १०३ जलविद्युत् कम्पनी शेयरमा सूचीकृत भई कारोबार भइरहेका छन् । बोर्डबाट अनुमति पाउने र अनुमतिको प्रतिक्षामा रहेका कम्पनीमा पनि जलविद्युत्का बढी छन् । अनुमति पाएका कम्पनीमा सात वटा उत्पादन तथा प्रशोधन क्षेत्रका छन् ।

विकास बैंक र होटल एवं पर्यटन क्षेत्रका एक/एक कम्पनी छन् । बोर्डमा कुल ९८ वटा कम्पनीले साधारण शेयर बिक्रीका लागि अनुमति माग्दै आवेदन दिएका छन् । त्यसमा होटल तथा पर्यटन क्षेत्रका १८, जलविद्युत्का ३२, लगानीका पाँच कम्पनी छन् । यस्तै, उत्पादन तथा प्रशोधनका २६, माइक्रो इन्स्योरेन्सका तीन, अन्य समूहका १४ कम्पनी छन् ।

# संविधान संशोधनका विषयमा राष्ट्रिय जनमोर्चा पाल्पाले गऱ्यो सर्वपक्षिय अन्तर्क्रिया




पाल्पा । वर्तमान सरकारले संविधान संशोधनको लागि कार्यदल गठन गरी संसदमा प्रतिनिधित्व गर्ने राजनितिक दलहरुसँग सुझाव मागिरहेको समयमा राष्ट्रिय जनमोर्चा पाल्पाले जिल्लाका राजनीतिक दल, नागरिक समाज, पत्रकारहरुसँग वर्तमान राजनीतिक अवस्था र संविधान संशोधनका विषयमा अन्तर्क्रिया गरेको छ।

अन्तर्क्रियामा बोल्दै अधिकांश राजनीतिक दलका नेता तथा प्रतिनिधिहरुले संविधानको प्रस्तावना बाहेक कुराहरुमा समयअनुसार संशोधन गरेर जानुपर्नेमा जोड दिएका छन् । नेपालको आर्थिक अवस्था सुहाउँदो संघीयता नभएको राष्ट्रियता जनमोर्चाले दाबी गरिरहेको अवस्थामा अन्तर्क्रियामा बोल्दै अधिकांश व्यक्तिहरुले संघीयताले देशलाई अझै बलियो बनाएर तर व्यवस्थापकीय पक्ष कमजोर रहेकोले सुधार आवश्यक रहेको बताए । २०७२ मा शतप्रतिशत अपनत्व लिने गरी संविधान जारी नभएकोले १० वर्षको अवधीमा देखिएका कमीकमजोरीलाई सुधार गर्दै संविधान संशोधन गर्न जरुरी रहेको पाल्पाली वक्ताहरुले जोड दिएका छन् ।

संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, शासकीय स्वरुप, निर्वाचन प्रणालीलाई संशोधन गर्दा देशमा अर्को द्वन्द्व निम्तिन सक्ने, विदेशीहरुले खेल्न सक्ने भएकोले यी विषयमा संशोधनको जरुरी नभएको कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरुले बताएका छन् । सरकारले संविधान संशोधनको लागि संविधानसम्बन्धी विज्ञ टोली बनाएर सुझाव संकलन गरेमा अझ प्रभावकारी हुनेमा वक्ताहरुले जोड दिएका छन् । निर्वाचनमा सहभागी भएका जिल्लाका बामपन्थी राजनीतिक दलहरुले अब मुलक र जनताको परिवर्तनको लागि फुटेर होइन जुटेर एउटै कम्युनिष्ट पार्टी बनाएर काम गर्नुपर्नेमा जोड दिएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीले मुलुकमा स्थायी अभिभावकको रुपमा राजतन्त्र र राजासहित प्रजातन्त्र आवश्यक रहेको बताउँदा अन्य दलहरुले भने राजतन्त्र अवस्था भोगिसकेकोले उपयुक्त व्यवस्था गणतन्त्र रहेकाले देखिएका कमिकमजोरीहरुलाई सुधार गरेर जानुपर्नेमा जोड दिए ।

कार्यक्रममा राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य गणेश आचार्यले संविधान संशोधनका विषयमा पार्टीको १५ बुँदे अवधारणपत्र प्रस्तुत गरेका थिए । संविधान संशोधन गर्दा स्वदेशी तथा विदेशी चलखेल बढ्ने भएकोले राष्ट्र, राष्ट्रियता, छिमेकीप्रतिको सन्तुलन नीति, गरिबी तथा बेरोजगारलाई ध्यानमा राखेर गर्नुपर्नेमा वक्ताहरुको जोड थियो ।

अन्तर्क्रिया कार्यक्रममा राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य सोमकुमार कार्की, संविधानसभा सदस्य लिला सोमै, पूर्व सांसद यादवबहादुर रायमाझी, जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, नेपाली कांग्रेसका प्रवक्ता शोभाखर न्यौपाने, नेपाली कम्युनिष्ट पार्टीका सचिव जगन्नाथ नेपाललगायतले अवधारमा आधारित रहेर संविधान संशोधनका विषयमा आ-आफ्नो राय प्रस्तुत गरेका थिए ।

राष्ट्रिय जनमोर्चाले जिल्ला जिल्लामा राजनितिक दल, नागरिक समाज, पत्रकारहरुको संविधान संशोधनका विषयमा विचार बाहिर ल्याउन पार्टीले ७७ वटै जिल्लामा संविधान संशोधनका विषयमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरेको पाल्पाका अध्यक्ष विशाल दर्लामीले बताए । अन्तरक्रिया कार्यक्रम सह-सचिव नर्मती सिंजालीको स्वागत, जिल्ला सचिव वीरेन्द्र मिदुनको सञ्चालनमा भएको थियो ।

# सदरमुकामलाई धक्का दिने भँगेरीकी मनिषाः जहाँ गरिबी हारेर 'छोरीहरू' चम्किए



**प्रेम सुनार**
*गुल्मी*

सदरमुकाम तम्घासका महँगा र सुविधायुक्त सामुदायिक तथा संस्थागत विद्यालयहरू भर्ना अभियान र 'नतिजा' को रगतपसिना बगाउँदै गर्दा, सदरमुकामभन्दा केही टाढाको एउटा ग्रामीण बस्तीले लगातार दोस्रो वर्ष इतिहास दोहोऱ्याएको छ यो कथा कुनै ठूलो बजेट र सहरिया तामझामको होइन; यो कथा हो गुल्मीको रेसुङ्गा नगरपालिका-१३, दुबिचौरस्थित श्री घोर्ले माध्यमिक विद्यालयको, जसले यस वर्षको एसईई परीक्षामा शतप्रतिशत नतिजा ल्याएर सिंगो जिल्लाकै ध्यान आफूतिर खिचेको छ।

यो सफलता केवल 'पास' हुनुको तथ्याङ्क मात्र होइन, यसले समाजको परम्परागत शक्ति सन्तुलन र शैक्षिक चेतनाको ग्राफलाई नै उल्ट्याइदिएको छ।

**ग्राफ उल्टियोः १८ मा १५ 'छोरीहरू'**

घोर्ले माविबाट यस वर्ष १८ जना विद्यार्थी एसईईमा सामेल भएका थिए। सुखद र आश्चर्यजनक कुरा के छ भने, उत्तीर्ण हुने १८ जनामध्ये जम्मा ३ जना पुरुष छन् भने १५ जना महिला (छात्रा) छन्।

रेसुङ्गा नगरपालिकाका शिक्षा शाखा प्रमुख पिताम्बर पन्थीका अनुसार नगरभित्रका १९ वटा सामुदायिक माध्यमिक विद्यालयहरूमध्ये शतप्रतिशत नतिजा ल्याउन सफल हुने घोर्ले मावि एकमात्र सामुदायिक विद्यालय हो । कार्यक्रमका विशिष्ट अतिथि समेत रहेका पन्थीले गर्वसाथ भने-'यसपटक शैक्षिक ग्राफ उल्टिएको छ। ठूला र आशा गरिएका विद्यालयहरू चुकिरहँदा घोर्ले माविले लगातार दोस्रो वर्ष शतप्रतिशत नतिजा निकालेर आफूलाई अब्बल सावित गऱ्यो ।' नगरपालिकाभित्र सदरमुकामका रिडर्स पब्लिक हाई स्कुल र आदर्श विद्याश्रम बोर्डिङ् स्कुलसहित ३ वटा संस्थागत विद्यालयले मात्र शतप्रतिशत नतिजा निकाल्न सकेका छन् । नगरको समग्र नतिजा गत वर्षको ८० प्रतिशतबाट बढेर यस वर्ष ९० प्रतिशत पुग्दा घोर्ले माविले बुनेको विरासत निकै लोभलाग्दो छ।

**'मनिषा' अर्थात् गरिबी र विभेदमाथिको विजय**

यसपटक घोर्ले माविको निधारमा थप एउटा सुनौलो टीका लागेको छ– विद्यालय प्रथम (टपर) बनेकी मनिषा बी.के.। ३.५५ जी.पी.ए. ल्याएर विद्यालयकै शिर उच्च बनाएकी मनिषा सोही वडाको विकट भँगेरी गाउँकी विपन्न दलित परिवारकी छोरी हुन्।

कार्यक्रमका प्रमुख अतिथि एवं नगरप्रमुख खिलध्वज पन्थीले मनिषालाई मञ्चमा देखाउँदै भावुक हुँदै भने-'आज मनिषा जस्ता दलित समुदायकी छात्रा विद्यालय प्रथम हुँदा म नगर प्रमुखको हैसियतले मात्र होइन, एउटा नागरिकको रूपमा गर्वित छु। जिल्लाभर ६ जनाले ४ जी.पी.ए. ल्याउँदा ५ जना महिला हुनु र यहाँ पनि १८ मा १५ जना छोरीहरू उत्तीर्ण हुनुले पुरुषभन्दा महिला निकै क्षमतावान् छन् भन्ने स्पष्ट तस्वीर देखाएको छ।'

**दुई महिना खान नपुग्ने माटो र आमाको 'निमेक'**

मनिषाको यो सफलताको जग उनकी आमा अन्जना सुनारको हत्केलाका ठेलाहरूमा कोरिएको छ। दुई महिना पनि खान नपुग्ने सानो जमिनको टुक्रो छ। गरिबीकै कारण ओभानो ओत खोज्दै मनिषाका बुबा भारत पसेका छन्। यता गाउँमा आमा अञ्जनाले अर्काको घरखेतमा निमेक मजदुरी (ज्याला-मजदुरी) गरेर तीन छोराछोरी हुर्काइरहेकी छन्।

'निमेक मजदुरी गरेरै भए पनि छोराछोरीको पढाइमा कहिल्यै कमी हुन दिइनँ,' आमा अन्जनाले आँसु र मुस्कान मिसाउँदै भनिन्-"मनिषा भँगेरी प्राविमा कक्षा ३ सम्म पढेर घोर्ले माविमा आएकी हो । हिँडेर आउँदा-जाँदा मात्रै एक घण्टा लाग्छ । दुःख त छ, तर आज छोरीले सबै दुःख बिर्साइदिई।'

मनिषाकी बहिनी ममता कक्षा ७ मा र भाइ आयन कक्षा २ मा पढ्दैछन्। मनिषा पनि आमाको संघर्ष बुझ्छिन् । 'मलाई आमाले कुनै कुराको कमी हुन दिनुभएन।' -मनिषा भन्छिन्। अचम्मको कुरा, उनले आफू विद्यालय प्रथम हुन्छु भन्ने सोचेकी समेत थिइनन्। सहरिया बालबालिका जस्तो उनले डाक्टर वा इञ्जिनियर बन्ने ठूलो सपना पनि बुनेकी छैनन्। भविष्यको लक्ष्यबारे सोध्दा उनले सुझबुझपूर्ण जवाफ दिइन्-'मलाई त भविष्यमा असल टिचर (शिक्षक) बन्ने सपना छ।'

**एउटै विद्यालयबाट ५ दलित महिलाको 'उज्यालो' यात्रा**

घोर्ले माविको यो नतिजामा अर्को एउटा सामाजिक क्रान्ति लुकेको छ । उत्तीर्ण १५ जना छात्राहरूमध्ये मनिषासहित ५ जना दलित समुदायका छोरीहरू छन्। अवसर र हौसला पाए ग्रामीण र विपन्न वर्गका दलित महिलाहरू पनि कसैभन्दा कम हुँदैनन् भन्ने यो बलियो प्रमाण हो।

विद्यालयमा मनिषासँगै ३.५० जी.पी.ए. ल्याएर रेखा थापा दोस्रो र ३.४४ जी.पी.ए. ल्याएर अनमोल थापा तेस्रो बनेका छन्। उनीहरू मात्र होइन, राधिका थापा, शोभा खत्री, राजेश पुन, सन्ध्या बी.के., स्मृति बी.के., सुस्मिता बस्नेत, सुष्मा खत्री, पुजा थापा, हुमकला खत्री, भगवता बस्नेत, मनिका बी.के., प्रतिक थापा, अमृता कार्की, पुष्पा बी.के. र पूर्णिमा बी.के. सबैले ३ जी.पी.ए. कै हाराहारीमा उत्कृष्ट अंक ल्याएर उत्तीर्ण भएका छन्।

**सफलताको सम्मान**

विद्यार्थीहरूको यो ऐतिहासिक सफलतालाई कदर गर्दै घोर्ले माविका प्रधानाध्यापक हिरासिंह सराङ्कोटी मगर, शिक्षक अभिभावक संघका अध्यक्ष धामबहादुर धुरेल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खुमबहादुर खत्री र वडाध्यक्ष हुमबहादुर बस्नेतले उत्तीर्ण विद्यार्थीहरूलाई अबिर र खादा ओढाएर सम्मानसहित बधाई तथा शुभकामना व्यक्त गरे।

महँगो शुल्क असुलेर पनि गुणस्तर दिन नसक्ने सदरमुकामका विद्यालयहरूलाई चुनौती दिँदै घोर्ले मावि र भँगेरीकी मनिषाले एउटा शाश्वत सत्य स्थापित गरिदिएका छन्-'पढ्न र बदल्नका लागि महल होइन, दृढ इच्छाशक्ति र मिहिनेत चाहिन्छ। गरिबीले सपनालाई छेक्न सक्दैन।'

# जलवायु परिवर्तनको प्रभावले यार्सागुम्बा उत्पादन घट्दै

मनाङ । विगतमा हिमाली जिल्लाका बासिन्दाका लागि यार्सागुम्बा 'सुन फल्ने जडीबुटी' रुपमा लिइन्थ्यो । बैशाख-असार पहिलो सातासम्म हजारौँ मानिस उच्च हिमाली क्षेत्रमा पुग्ने र केही हप्ता खर्कमा पुगेर यार्सागुम्बा सङ्कलन गरी वर्षभरि घर खर्च चलाउने माध्यमको रुपमा पहिचान गरिएको थियो । तर, पछिल्ला वर्षका तथ्याङ्कले यार्सागुम्बाबाट हुने आम्दानी लगातार घट्दो क्रममा हुँदा हजारौँ हिमाली नागरिकको आयआर्जन र जीविकोपार्जनमा प्रत्यक्ष असर पर्न थालेको छ।

विकटक्षेत्रमनाङऔषधीयकच्चापदार्थको उत्पादनको केन्द्र हो । औषधीय जडीबुटी उत्पादनमा आत्मनिर्भर मानिन्छ। आम्दानीको प्रमुख स्रोतको रुपमा रहेको औषधीय जडीबुटी केही वर्षयता घट्दो क्रममा छ । मुख्य आयस्रोतमा प्रभाव पर्दा यहाँका स्थानीयमा चिन्तामा छन् । पहिले प्रशस्त पाइने हिमाली क्षेत्रमा अहिले यार्सागुम्बा दुर्लभ बन्दै गएको स्थानीयवासी बताउँछन्। तापक्रम बढ्दै जाँदा हिमाली भूभागको चिसोपन घटेको छ, जसले यार्सागुम्बाको वृद्धि र विकासमा प्रत्यक्ष असर पुऱ्याएको छ। करिब पाँच वर्षको तथ्याङ्कका आधारमा वार्षिक रुपमा यार्सागुम्बा उत्पादन तथा सङ्कलन कार्य घटेको पाइएको अन्नपूर्ण संरक्षण क्षेत्र एकाई (एक्याप) कार्यालय मनाङले जनाएको छ।

विगतको तुलनामा यार्सागुम्बाको उत्पादन घटेको एक्यापको तथ्याङ्कले प्रष्ट पारेको छ। एक्यापका अनुसार आर्थिक वर्ष २०७७/७८ मा ४० दशमलव पाँच किलोग्राम सङ्कलन गरिएको छ भने यार्सागुम्बा बिक्रीबाट रु.१२ लाख १५ हजार राजश्व सङ्कलन भएको छ। यार्सा सङ्कलनकले मूल्य अभिवृद्धि कर (भ्याट) रु.एक लाख ५७ हजार ९५० तिरेका छन्। पालिकालाई १० प्रतिशतका दरले रु.छ लाख सात हजार ५०० पालिकालाई दस्तुर बुझाउनुपर्ने प्रावधान छ भने १० प्रतिशतकै दरले रु.चार लाख पाँच हजार संरक्षण क्षेत्र व्यवस्थापन समिति (सिएएमए)लाई दस्तुर बुझाउने गरिएको छ।

आव २०७८/७९ मा १०७ दशमलव ०५२ किलो बिक्री गरी रु.३२ लाख ६१ हजार ८४० राजश्व सङ्कलन भएको छ। यस आवमा मात्रै रु.तीन लाख ६७ हजार ६६१ भ्याट तिरेको छ। पालिका र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई रु.१० लाख ७० हजार ५२० दस्तुर बुझाएको छ। आव २०७९/८० मा ८२ दशमलव दुई किलोग्राम यार्सागुम्बा बिक्री गर्दा रु.२५ लाख ४८ हजार २०० राजश्व सङ्कलन भएको एक्यापले जनाएको छ।

एक्यापका अनुसार पालिका र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई यार्सा सङ्कलनवापत रु.आठ लाख ३४ हजार ५०० दस्तुर बुझाइएको छ। यस आवबाट दोहोरो भ्याट तिर्नुपर्ने बाध्यतालाई ध्यान दिँदै भ्याट बुझाउनुपर्ने प्रावधान हटाइएको एक्यापका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिए। आव २०८०/८१ मा ७२ दशमलव ५४२ किलोग्राम यार्सागुम्बा बिक्रीबाट रु.२२ लाख ४८ हजार ९०२ आम्दानी भएको छ। पालिका र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई रु.सात लाख २५ हजार ४५० दस्तुरवापतको रकम बुझाइएको छ।

आव २०८१/८२ मा ५१ दशमलव ८६३ किलोग्राम यार्सा बिक्रीबाट रु.१५ लाख ९८ हजार ३६० आम्दानी भएको छ। पालिकालाई रु.पाँच लाख २४ हजार ९०० र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई रु.पाँच लाख १९ हजार ९०० दस्तुर तिरेको छ। आव २०८२/८३ फागुनसम्ममा ४७ दशमलव आठ किलो यार्सा बिक्रीबाट रु.१४ लाख ८१ हजार ८०० राजस्व सङ्कलन भएको छ। पालिका र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई रु.चार लाख ७८ हजार दस्तुर बुझाएको छ।

आव २०७७/७८ देखि २०८२/०८३ (फागुनसम्म) को तथ्याङ्कअनुसार यार्सागुम्बा संकलन र बिक्रीबाट प्राप्त राजस्वमा उल्लेखनीय गिरावट आएको छ । आव २०७८/७९ मा सबैभन्दा धेरै १०७.०५२ किलो यार्सागुम्बा सङ्कलन हुँदा रु.३२ लाख ६१ हजार ८४० राजस्व संकलन भएको थियो । तर, त्यसपछि प्रत्येक वर्ष यार्सा सङ्कलन मात्रा र आम्दानी दुवै घट्दै गएको देखिन्छ। आव २०८२/०८३ को फागुनसम्म आइपुग्दा सङ्कलनको मात्रा ४७ दशमलव आठ किलोमा झरेको छ भने राजस्व रु.१४ लाख ८१ हजार ८०० सीमित भएको छ। तथ्याङ्कका अनुसार पाँच वर्षमा कुल ४०१.९५७ किलो यार्सागुम्बाबाट रु.एक करोड २३ लाख ५४ हजार १०२ राजस्व सङ्कलन भएको छ।

**राजस्वमा गिरावट**

यार्सागुम्बाबाट स्थानीय तह र संरक्षण क्षेत्रले दस्तुरमार्फत राजस्व उठाउने गरेका छन् । पाँच वर्षको तथ्याङ्कअनुसार रोयल्टी र दस्तुरबाट प्राप्त रकम पनि घट्दो क्रममा छ।

आव २०७८/७९ मा मात्रै ग्रामीण पालिका तथा संरक्षण व्यवस्थापन समितिले १०-१० लाख रुपैयाँभन्दा बढी दस्तुर सङ्कलन गरेका छन्। तर, अहिले त्यो रकम आधाभन्दा कम भएको छ । यसले स्थानीय सरकारको विकास बजेटमा समेत असर पारेको छ । हिमाली क्षेत्रका धेरै पालिकाले सडक, शिक्षा र स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न यार्सागुम्बा राजश्वमा निर्भर छ।

**यार्सागुम्बाबाट जीविकोपार्जन**

हिमाली क्षेत्रका स्थानीयले यार्सागुम्बा सङ्कलनलाई मौसमी आयको रुपमा लिन्छन् । यहाँको प्रमुख मौसमी आम्दानीको स्रोत यार्सागुम्बा हो । यहाँका स्थानीयवासीले यार्सागुम्बा सङ्कलन र बिक्री जीविकोपार्जनको स्रोतको रुपमा उपयोग गर्दै आएका छन्। विशेष गरी मनाङलगायत डोल्पा, मुगु, मुस्ताङ, रुकुम पूर्व, गोर्खा र म्याग्दीका उच्च भेगका परिवारले यार्सागुम्बा बिक्री गरी जीविकोपार्जनका लागि आयस्रोतको रुपमा प्रयोग गर्दछन्।

यस क्षेत्रका मानिसले शिक्षा, स्वास्थ्य र दैनिकी चलाउन यसबाट आएको आम्दानीबाट खर्च चलाउँदै आएका छन्। तर, उत्पादन घटेसँगै स्थानीयको आर्थिक अवस्था प्रभावित हुन थालेको छ । पहिले एक सिजनमा लाखौँ आम्दानी गर्ने परिवार अहिले ऋण लिएर दैनिक खर्च धान्न बाध्य भएको स्थानीय जनप्रतिनिधिको भनाइ छ। यार्सागुम्बा संरक्षणका लागि वातावरण संरक्षण, दिगो संकलन प्रणाली र जलवायु परिवर्तन न्यूनीकरणका उपाय तत्काल लागू गर्न आवश्यक छ । प्राकृतिक सम्पदाको संरक्षण भए मात्र हिमाली जनजीवन र अर्थतन्त्र सुरक्षित रहन सक्छ।

**जलवायु परिवर्तनको असर**

असामान्य तापक्रम वृद्धि, हिमपातमा कमी, वर्षाको अनियमितता तथा वातावरणीय सन्तुलन बिग्रिनुले यार्सागुम्बा उम्रिने प्राकृतिक चक्र प्रभावित भएको हो । स्थानीय यार्सा सङ्कलकका अनुसार हिमाली क्षेत्रमा हिउँ कम पर्नु, तापक्रम बढ्नु र चरन क्षेत्र सुक्दै जाँदा यार्सागुम्बा उत्पादनमा असर परेको छ। पहिला केही घण्टामै दर्जनौँ यार्सा भेटिन्थ्यो भने अहिले दिनभर खोज्दा पनि मुस्किलले तीन/चार वटा मात्रै भेटिने गरेको स्थानीय राज गुरुङ बताउँछन्।

"पहिला जस्तो यार्सा खोज्न सजिलो छैन। पहिला प्रसस्त भेटिन्थे । अहिले घण्टौँ पछि १/२ वटा मात्रै पाइन्छ", उनी भन्छन्-"हिउँ नै पर्दैन अनि पानीको कमीले होला नि यस्तो भएको । अर्को वर्ष बढ्ला भन्यो झन् कम पो भेटिन्छ ।" यार्सागुम्बा उत्पादन घट्नुका कारण विज्ञहरूले जलवायु परिवर्तनलाई मुख्य कारण मानिरहेका छन्। यार्सागुम्बा चिसो र आद्र वातावरणमा उम्रने भएकाले तापक्रम वृद्धिले यसको प्राकृतिक चक्र प्रभावित भएको एक्यापका प्रमुख भुजेलले बताए।

**संरक्षणमा चुनौती**

विशेषज्ञका अनुसार अनियन्त्रित सङ्कलन, अत्यधिक भीड र चरिचरन व्यवस्थापनको अभावले पनि यार्सागुम्बा सङ्कटमा परेका छन्। सङ्कलन क्षेत्र व्यवस्थापन, निश्चित कोटा प्रणाली र वातावरण संरक्षणका कार्यक्रम प्रभावकारी रूपमा लागू नगरे भविष्यमा यार्सागुम्बा दुर्लभ हुनसक्ने चेतावनी दिइसकेका छन् । यस क्षेत्रमा भिरमा गएर यार्सागुम्बा सङ्कलन गर्न सङ्कलनकर्ता भेटिन मुस्किल भएको स्थानीय बताउँछन्।

मनाङमा यार्सागुम्बा सङ्कलनका लागि स्थानीयका कमी भएसँगै डोल्पा, गोर्खा, धादिङलगायतका क्षेत्रबाट सङ्कलनकर्ता आउने गरेका छन् भने हाल कम हुँदै गएको स्थानीयको भनाइ छ । हिमाली भेगका बासिन्दाका लागि यार्सागुम्बा केवल जडीबुटी होइन, जीवन धान्ने आधार हो । तर, घट्दो उत्पादन र आम्दानीले अब यसको आधार कमजोर बन्दै गएको देखिन्छ। यार्सागुम्बा उत्पादन घट्दा हिमाली समुदायको आर्थिक अवस्था कमजोर बन्दै गएको छ । धेरै परिवारको मुख्य आम्दानीको स्रोत नै प्रभावित भएकाले वैकल्पिक रोजगारीको आवश्यकता बढेको छ।

## सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि.को सकार गरेको सम्पत्ति लिलाम विक्री सम्बन्धी ७ दिने सूचना

**प्रकाशित मितिः २०८३ जेष्ठ ४ गते सोमबार**

सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. बाट प्रवाह गरिएको ऋणको असुली प्रक्रियाको क्रममा धितो सकार भई संस्थाको नाममा दर्ता रहेको तपशील बमोजिमको घर जग्गा तथा अन्य सम्पत्तिहरु सम्बन्धित ऋणीहरुले ऋणको सावाँ तथा व्याज भुक्तानी नगरेको हुँदा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ एवं लुम्बिनी प्रदेश सहकारी ऐन २०७६ तथा लुम्बिनी प्रदेश सहकारी नियमावली २०७६ बमोजिम धितो लिलाम बिक्रीको सूचना प्रकाशित गर्दा समेत धितो लिलाम बिक्री हुन नसकेको हुँदा सहकारी ऐन २०७४ तथा सहकारी नियामावली २०७५ को परिच्छेद ८ को नियम ३५ अनुसार विभिन्न मितिमा धितो सकार गर्दै मिति २०८२/०३/१५ मा सकार सम्बन्धी सम्पूर्ण कार्यहरु सम्पन्न गरिएको छ।

सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३६ बमोजिमको हदम्याद पूरा भएको साथै राष्ट्रिय सहकारी नियमन प्राधिकरणले मिति २०८२/०२/०९ गते जारी गरेको नियामकीय मापदण्ड, २०८२ को बुँदा ७.२ अनुसार देहाय बमोजिमका सकार सम्पत्तिहरु जहाँ जुन अवस्था तथा परिमाणमा छन् सोही अवस्था तथा परिमाणमा गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिदेखि ७ (सात दिन) भित्र इच्छुक व्यक्ति, फर्म वा संस्थाहरुले यस संस्थाको कार्यालयमा सम्पर्क राखी तोकिए बमोजिम बोलपत्र फारम खरिद गरी आवश्यक कागजात सहित गोप्य बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशील :**

**लिलाम गर्नुपर्ने सम्पत्तिको विवरण**

| क्र.सं | जिल्ला | स्थानीय तह | वडा नं/नक्सा सिट नं | कित्ता नं | क्षेत्रफल (विघा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रुपन्देही | साविक गंगोलिया गा.वि.स (हाल तिलोत्तमा न.पा १७), कानपारा | ७/क | ६४८ | ०-१०-५ | जग्गा |
| २ | रुपन्देही | साविक मानमटेरिया गा.वि.स (हाल शुद्धोदन गा.पा ६) | २ | ४६५ | १६७६ व.मि | जग्गा |
| ३ | रुपन्देही | साविक बुटवल न.पा (हाल बुटवल उप.म.न.पा ११), कालिकानगर | ९ क | १०५६५ | ०-०-४.७५ | घर जग्गा |
| ४ | रुपन्देही | साविक हाटीफर्साटिकर गा.वि.स (हाल ओमसतिया गा.पा ३), करुवानी | ९ ख | १४७ | ०-१२-१.५ | जग्गा |
| ५ | रुपन्देही | साविक टिकुलीगढ गा.वि.स (हाल तिलोत्तमा न.पा १३), कुञ्जलापुर | ५ क | २०३७ | ०-०-७.५ | जग्गा |
| ६ | रुपन्देही | साविक टिकुलीगढ गा.वि.स (हाल तिलोत्तमा न.पा १४) | ७ क | ८६६ | ०-१३-१४ | जग्गा |

**शर्तहरु :**

१. बोलपत्र सम्बन्धी फारम संस्थाको मुख्य कार्यालयबाट रु. १०००।- (अक्षरुपीः एक हजार रुपैया मात्र) (फिर्ता नहुने गरी) भुक्तानी गरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र स्वीकृत भएको सोही दिन वा अर्को दिन भित्र आफूले कबोल गरेको रकमको १० प्रतिशत रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गरि संस्थाको सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड बैंक मा रहेको खाता नं १५१०१००००००६२०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ।
३. बिक्री सम्बन्धी निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दावी गर्न पाइने छैन।
४. लिलाम बिक्री गर्ने जग्गा स्थलगत रुपमा हेर्न चाहाने व्यक्ति/फर्म/कम्पनी वा संघ संस्थाले कार्यालय समयमा संस्थाको मुख्य कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
५. दा.खा. र नामसारी गर्दा नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण करहरु बोलकबोलवाला (खरिदकर्ता) ले व्यहोर्नु पर्दछ।
६. बोलपत्र स्वीकृत भएको मितिले १५ दिन भित्र बाँकी रकम बैंक दाखिला गरी नामसारी गरी लिनु पर्दछ। अन्यथा धरौटी रकम संस्थाले जफत गर्न सक्नेछ।
७. उक्त म्यादभित्र प्राप्त बोलपत्रहरुमध्ये सबै भन्दा बढी मूल्य प्रस्ताव गर्ने बोलपत्रदातालाई प्राथमिकता दिइनेछ। कुनै पनि बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
८. अन्यः

| | |
|---|---|
| बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८३/०२/११ गते दिउसो २:३० बजेसम्म | |
| बोलपत्र खोल्ने मितिः २०८३/०२/११ गते | समयः दिउँसो ३:०० बजे |
| स्थानः सामूहिक विकास साकोसको मुख्य कार्यालय, तिलोत्तमा न.पा ३, शंकरनगर, रुपन्देही | फोन नंः ०७१-४१४३११, ४१४२८४, ९८५७०७६३११ |

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# सुकुम्वासी/अव्यवस्थित बस्तीमा डोजर नचल्ने सुनिश्चित नभए जेनजीभन्दा ठूलो आन्दोलन गरेर सरकार ढाल्ने चेतावनी




लुम्बिनी संवाददाता
बुटवल

सार्वजनिक जग्गा संरक्षणको नाममा सरकारले वर्षौंदेखि बसेको बस्तीहरुमा डोजर चलाएको विरोधमा अव्यवस्थित बसोबासी तथा भूमिहीनले बुटवलमा वृहत् प्रदर्शन गरेका छन् ।

नेपाल भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासी संघर्ष समिति रुपन्देहीको आयोजनामा प्रदर्शन भएको हो । बुटवलको राजमार्ग चौराहाबाट सुरु भएको प्रदर्शन मिलनचोक, अस्पताललाइन हुँदै ट्राफिकचोक पुगेर सभामा परिणत भएको थियो ।

चर्को गर्मीको बावजुद छाता ओढेरै प्रदर्शनमा हजारौं भूमिहीन र अव्यवस्थित बसोवासीको उपस्थिति रहेको थियो ।

प्रदर्शनमा सहभागीले सरकार र प्रधानमन्त्री बालेन्द्र शाहविरुद्ध नाराबाजी गरेका थिए । प्रदर्शनपछि भएको सभामा बोल्ने वक्ताहरुले अव्यवस्थित बसोवासी र सुकुम्वासी बस्तीमा डोजर नचल्ने सुनिश्चित नगरे काठमाडौं केन्द्रित आन्दोलन गरेर सरकार ढाल्नेसम्मको चेतावनी दिएका छन् ।

सरकारले वैकल्पिक व्यवस्थाको भरपर्दो व्यवस्था नगरी हतारमा बस्तीमा डोजर आतंक मच्याएपछि देशभरका १२ लाख बढी परिवारका झण्डै ५० लाख नागरिक प्रभावित भएका संघर्ष समितिका सल्लाहकार वीरेन्द्र विकले बताए ।

वर्षौंदेखि बस्दै आएको घरबास सरकारले हटाउन सक्ने त्रासले लाखौं नागरिकमा मानसिक पीडा र तनाव भएकाले सरकारलाई दबाब दिन आन्दोलन गरिएको विकले जनाए ।

सभामा अर्का वक्ता दाङका हरिश गिरीले लालपुर्जा नपाउनु नागरिकको गल्ती नभई विगतका सरकारको गल्ती भएको बताए । उनले सुकुम्वासी बस्तीमा प्रहरीले घेरा हालेर डर त्रासमा पारेर जबरजस्ती शासन लाद्न खोजिएको भन्दै सरकारको दादागिरी स्वीकार्य नभएको बताए । गिरीले दुई तिहाईको दम्भ नदेखाउन आग्रह गर्दै देशभरका सुकुम्वासी काठमाडौं गएर सिंहदरबार घेर्ने चेतावनी दिए ।

अर्की वक्ता लिजा राईले सरकारले संविधान उल्लंघन गरेर वैकल्पिक व्यवस्था विना सुकुम्वासी बस्तीमा डोजर चलाएर नागरिकलाई होल्डिङ सेन्टरमा अमानवीय व्यवहार गरेको गुनासो गरिन् । सुकुम्वासी र अव्यवस्थित बसोवासीको समस्या सुकुम्वासीको मात्र नभई तीन करोड नेपालीको मुद्दा भएको उनले बताइन् ।

सभामा संघर्ष समितिका संयोजक खगेन्द्र पौडेल, सचिव राजकुमार भट्टराई, रिसब पोखरेल, नरेन्द्र दर्जीलगायतले बोल्दै सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई तत्काल लालपुर्जा दिन माग गरे ।

संघर्ष समितिले आज जेठ ४ गते बुटवलमै सुकुम्वासी र अव्यवस्थित बसोवासीको राष्ट्रिय सम्मेलन आयोजना गरेको छ ।

सम्मेलनमा भूमिहीन र अव्यवस्थित बसोवासीको समस्याको न्यायोचित समाधान गर्न विज्ञहरु समेतको सहभागितामा छलफल गरी ठोस निचोड निकाल्ने, सातै प्रदेशको प्रतिनिधित्व हुने गरी राष्ट्रियस्तरको संघर्ष समिति गठन गरी त्यसले सरकार तथा प्रमुख दलहरुलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम तय गर्ने संघर्ष समितिका सचिव राजकुमार भट्टराईले बताए ।

संघर्ष समितिले सरकारसँग मुख्यतः ११ वटा माग राखेर आन्दोलन जारी राखेको छ । जसमा भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीमाथि डोजर प्रयोग गरी जबर्जस्ती निष्कासन, घरटहरा भत्काउने तथा अमानवीय व्यवहार तत्काल बन्द गर्न माग गरिएको छ ।

यस्तै भूमिहीन तथा अव्यवस्थित बसोवासीमाथि हुने दमन, गिरफ्तारी, धम्की, हिंसा तथा मानवअधिकार उल्लंघनका कार्य तत्काल अन्त्य गरी उनीहरूको संवैधानिक तथा मानवअधिकारको पूर्ण संरक्षण गर्न माग गरेको छ ।

यस्तै यसअघिको भूमि ऐन बमोजिम नाप-नक्सा सम्पन्न भइसकेका क्षेत्रहरूको बाँकी प्रशासनिक तथा कानुनी प्रक्रिया तत्काल पूरा गरी शीघ्र लालपुर्जा वितरण गर्न माग गरिएको छ ।

यसअघिको भूमि ऐनको व्यवस्था अनुसार भूमिहीन दलित सुकुम्वासीहरूलाई आवास तथा कृषि प्रयोजनका लागि आवश्यक जग्गाको लालपुर्जा पूर्णरूपमा निःशुल्क उपलब्ध गर्न, अव्यवस्थित बसोवासीहरूलाई भूमि ऐनले निर्धारण गरेको अधिकतम क्षेत्रफलभित्र रहने गरी आवास प्रयोजनका लागि मालपोतमा लाग्ने रजिस्ट्रेशन शुल्कबाट प्राप्त हुने राजस्वको १० प्रतिशत शुल्क लिई लालपुर्जा प्रदान गर्न संघर्ष समितिले माग गरेको छ ।

यस्तै अव्यवस्थित बसोवासीहरूलाई भूमि ऐनले निर्धारण गरेको अधिकतम क्षेत्रफलभित्र रहने गरी कृषि प्रयोजनका लागि मालपोतमा लाग्ने रजिस्ट्रेशन शुल्कबाट प्राप्त हुने राजस्वको ५ प्रतिशत शुल्क लिई लालपुर्जा उपलब्ध गराउन, नेपालको संविधानको धारा ३७ मा उल्लेखित नागरिकको आवासको मौलिक अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन तथा सुनिश्चित गर्न संघर्ष समितिले माग गरेको छ ।

# पामिर एकेडेमीमा बधाई तथा सम्मान कार्यक्रम

तिलोत्तमा । पामिर इन्टरनेशनल एकेडेमीले यस वर्षको एसईई तथा कक्षा ८ को परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई बधाई तथा सम्मान गरेको छ । विद्यालय परिसरमा आयोजित कार्यक्रममा विद्यार्थी, अभिभावक, शिक्षक तथा स्थानीय अगुवाहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

यस वर्षको एसईई परीक्षामा विद्यालयबाट सहभागीमध्ये १५ जना विद्यार्थीले ए प्लस, ९ जनाले ए र ५ जनाले बि प्लस ग्रेड हासिल गरेका छन् । त्यसैगरी कक्षा ८ को परीक्षामा दुई जना विद्यार्थीले ४ जीपीएसहित सहभागी सबैले उत्कृष्ट नतिजा हासिल गरेका छन् । विद्यालयले सफल सबै विद्यार्थीहरुलाई सम्मानपत्रसहित सम्मान गरेको थियो ।

कार्यक्रममा बोल्दै तिलोत्तमा नगरपालिका वडा नम्बर २ का वडाध्यक्ष डिलबहादुर भट्टराईले शैक्षिक गुणस्तर सुधारमा निजी विद्यालयहरुले खेलेको भूमिका महत्वपूर्ण रहेको बताए । उनले अनुशासन, मेहनत र अभिभावक-विद्यालयबिचको सहकार्यकै कारण विद्यार्थीहरुले उत्कृष्ट नतिजा हासिल गर्न सफल भएको उल्लेख गरे ।

त्यसैगरी टोल सुधार समितिका अध्यक्ष दुर्गा पाण्डेले समाज परिवर्तनको मुख्य आधार शिक्षा भएको बताउँदै विद्यार्थीहरुलाई अध्ययनसँगै नैतिक शिक्षामा समेत जोड दिन आग्रह गरे । उनले सफल विद्यार्थीहरुलाई निरन्तर मेहनत गर्दै अगाडि बढ्न शुभकामना व्यक्त गरे ।

विद्यालयका शिक्षा समिति संयोजक वसन्त जोशीले विद्यालयले छोटो समयमै उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गरेको भन्दै आगामी दिनमा अझ गुणस्तरीय शिक्षा प्रदान गर्न सुझाव दिए ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहन चापागाईंले विद्यालयले नतिजामात्र नभई व्यवहारिक र संस्कारयुक्त शिक्षामा जोड दिँदै आएको बताए । उनले विद्यालयको सफलतामा शिक्षक, अभिभावक र विद्यार्थीको संयुक्त प्रयास रहेको उल्लेख गरे ।

विद्यालयका प्राचार्य गोपाल गौतमले विद्यालयले आगामी दिनमा अझ उत्कृष्ट नतिजा ल्याउने लक्ष्यका साथ काम गरिरहेको बताए ।

कार्यक्रममा शिक्षक दिपक खनाल, सरिता पाण्डे, विद्यार्थी प्रतिज्ञा सुवेदी, इशा पाण्डे तथा अभिभावकका तर्फबाट राधिका सापकोटालगायतले मन्तव्य राख्दै विद्यालयको शैक्षिक वातावरण, शिक्षकहरुको मेहनत र विद्यार्थीहरुको लगनशीलताका कारण उत्कृष्ट नतिजा सम्भव भएको बताएका थिए । कार्यक्रमको अवसरमा सर्वोत्कृष्ट नतिजा ल्याउनेलाई नगदसहित तथा सफल अन्य विद्यार्थीहरुलाई खादा, प्रमाणपत्र तथा मायाको चिनोसहित सम्मान गरिएको थियो ।




# मेलवर्न क्रिकेट क्लबको दोस्रो जित

भैरहवा । रुपन्देही क्रिकेट संघको आयोजनामा भैरहवामा जारी 'पञ्चकन्या रुपन्देही सुपरलिग' अन्तर्गत 'ए' डिभिजनको आइतबारको खेलमा मेलवर्न क्रिकेट एण्ड स्पोर्टिङ क्लबले जित निकालेको छ । उसले बुद्ध क्रिकेट क्लबलाई ६ विकेटले हराउँदै जित हात पारेको हो । प्रतियोगितामा मेलवर्नको यो लगातार दोस्रो जित हो ।

जितका लागि पाएको १ सय ५८ रनको लक्ष्य मेलवर्नले ३५ ओभर ४ बलमा ४ विकेट गुमाएर १ सय ५९ रन बनाउँदै पूरा गर्यो र जित निकाल्यो । उसको जितमा विपिन आचार्यले अविजित ९४ रनको पारी खेले । यस्तै, आदित्य यादवले २३, अर्मन थारुले २० र अशोक धामीले १९ रनको योगदान गरे । बलिङमा बुद्धका विपिन शर्मा, दिलसाद अली, प्रवेज अन्सारी र अमित अग्रहरिले समान १-१ विकेट लिए ।

यसअघि भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको बुद्धले निर्धारित ५० ओभरको खेलमा ३४ ओभर १ बल खेल्दै सबै विकेट गुमाएर १ सय ५७ रन बनायो । उसका लागि मिथिलेश यादवले ५६, दिलसाद अलीले ४०, सुरज पौडेलले २९ र विपिन शर्माले ११ रन बनाए । बलिङमा मेलवर्नका अशोक धामीले ५, रमेश कुर्मी, विपिन आचार्य र आरिफ खानले समान १-१ विकेट लिए । खेलमा विपिन आचार्य प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

प्रतियोगिताको विजेता टिमले १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेस्ट बलर र उदीयमान खेलाडीले जनही ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ प्राप्त गर्ने खेल संयोजक प्रथम पराजुलीले जानकारी दिए ।

**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला ।

सम्पर्क नम्बर: ९८०१८२७९५०







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com